# लोक सेवा आयोग
# काठमाडौं कार्यालय

(परीक्षा शाखा)

अनामनगर, काठमाडौं

☎ ०१-४७७१९८१, ४७७१९८२, ४७७१९८४ फ्याक्स नं- ०१-४७७१९८३ वेवसाइटः www.psc.gov.np इमेलः kathmandu@psc.gov.np


## राजपत्र अनंकित प्रथम श्रेणी, कम्प्युटर अपरेटर पदको लिखित परीक्षाको परीक्षा भवन कायम गरिएको सूचना

**सूचना नं. १७।०८०-८१, मिति २०८०।०४।२६**

लोक सेवा आयोग, काठमाडौं कार्यालयको **विज्ञापन नम्बर १२०२५-१२०३०/०७९-८० (खुला,समावेशी)**, नेपाल विविध सेवा, राजपत्र अनंकित प्रथम श्रेणी (प्राविधिक), **कम्प्युटर अपरेटर पदमा काठमाडौं परीक्षा केन्द्र** राखी दरखास्त स्वीकृत भएका उम्मेदवारहरूको निम्न मिति र समयमा निम्नानुसारको परीक्षा भवनमा लिखित परीक्षा सञ्चालन हुने भएकोले सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। उम्मेदवारहरुले लोक सेवा आयोगको पूर्व सूचना अनुसार पुनः आवेदन (Re Apply) गरेपछि कायम भएको रोल नम्वर समावेश भएको प्रवेशपत्र लिई परीक्षा दिन जानुपर्ने छ।

साथै सहयोगी लेखक आवश्यक पर्ने उम्मेद्वारहरुले सहयोगी लेखक माग गर्नु पर्ने कारण र प्रमाणसहितका कागजात संलग्न राखी लोक सेवा आयोग नियमावली, २०७९ को नियम ६८(१) बमोजिम परीक्षा सुरु हुने मिति भन्दा १० (दश) दिन अगावै यस कार्यालयमा निवेदन दिनु पर्नेछ। परीक्षार्थीहरूले अनिवार्य रूपमा पालना गर्नुपर्ने विषयहरू द्रष्टव्य १ र २ मा तल उल्लेख गरिएको छ।

**परीक्षा कार्यक्रम**

| पत्र | विषय | परीक्षा प्रणाली | परीक्षा मिति र समय | अवधि |
|---|---|---|---|---|
| प्रथम | सामान्य ज्ञान र सामान्य अभिक्षमता परीक्षण (General Awareness & General Aptitude Test) | वस्तुगत (Objective) बहुवैकल्पिक प्रश्न (MCQs) | २०८०।०५।१० गते विहान ७:०० बजे | ४५ मिनेट |
| | सेवा सम्बन्धित कार्य ज्ञान (Job Based Knowledge) | | | |
| द्वितीय | सेवा सम्बन्धित कार्य ज्ञान (Job Based Knowledge) | विषयगत (Subjective) | २०८०।०५।१० गते विहान ८:१५ बजे | २ घण्टा १५ मिनेट |

**परीक्षा भवन**

| क्र.सं. | उम्मेदवारहरूको रोल नं | संख्या | परीक्षा भवन |
|---|---|---|---|
| १ | ३१०००१ देखि ३१०२०० सम्म | २०० | नन्दी मा.वि., नक्साल |
| २ | ३१०२०१ देखि ३१०४०० सम्म | २०० | जुद्धोदय मा.वि. (क), क्षेत्रपाटी |
| ३ | ३१०४०१ देखि ३१०६०० सम्म | २०० | जुद्धोदय मा.वि. (ख), क्षेत्रपाटी |
| ४ | ३१०६०१ देखि ३१०८०० सम्म | २०० | नेपाल युवक मा.वि. (क), पकनाजोल |
| ५ | ३१०८०१ देखि ३१०९५० सम्म | १५० | नेपाल युवक मा.वि. (ख), पकनाजोल |
| ६ | ३१०९५१ देखि ३१११२२ सम्म र बाँकी सबै उम्मेदवारहरु | १७२ र बाँकी सबै उम्मेदवारहरु | लोक सेवा आयोग, अनामनगर |

क्रमश :

लोक सेवा आयोग

# काठमाडौं कार्यालय

(परीक्षा शाखा)

अनामनगर, काठमाडौं

☎ ०१-४७७१९८१, ४७७१९८२, ४७७१९८४ फ्याक्स नं- ०१-४७७१९८३ वेवसाइटः www.psc.gov.np इमेलः kathmandu@psc.gov.np


**द्रष्टव्य १ः-**

१. आयोगको पूर्व सूचना विना निर्धारित कार्यक्रम अनुसारको परीक्षा स्थगित हुनेछैन।

२. **परीक्षामा कालो मसी मात्र प्रयोग गर्नुपर्नेछ। साथै वस्तुगत उत्तरपुस्तिकामा सिसाकलम प्रयोग गर्न पाइने छैन।**

३. **वस्तुगत बहुउत्तर(Multiple Choice) भएका प्रश्नको उत्तर लेख्दा अंग्रेजी ठूलो अक्षर (Capital Letter)मा A, B, C, D लेखिएको उत्तरलाई मात्र मान्यता दिइनेछ।**

४. काठमाडौं परीक्षा केन्द्र राखी दरखास्त स्वीकृत भएका बाहेक अन्यत्र परीक्षा केन्द्रका परीक्षार्थीहरूलाई परीक्षामा सामेल गराईने छैन।

५. परीक्षा भवनमा झोला, मोवाइल फोन र अन्य इलेक्ट्रोनिक डिभाइसहरु लैजान निषेध गरिएको छ। वस्तुगत परीक्षामा क्याल्कुलेटर प्रयोग गर्न पाइने छैन।

६. प्रवेश पत्र विना कुनै पनि उम्मेदवारलाई परीक्षामा सम्मिलित नगराइने हुँदा प्रवेशपत्र अनिवार्य रूपमा साथमा लिई परीक्षा संचालन हुनुभन्दा कम्तीमा १ घण्टा अगावै परीक्षा भवनमा आइपुग्नुपर्नेछ।

७. परीक्षामा प्रवेश-पत्र सँगै आफ्नो नागरिकता वा नेपाल सरकारबाट जारी भएको फोटो समेतको कुनै परिचयपत्र अनिवार्य रूपमा लिई आउनुपर्नेछ।

**द्रष्टव्य २ः-**

१. सक्रमणजन्य रोगका कारण उम्मेदवारले आफ्नो प्रयोजनका लागि मास्क, स्यानिटाइजर तथा पिउने पानीको व्यवस्था आफै गर्नु पर्नेछ।

२. कोभिड-१९ बाट तत्काल संक्रमित भएका परीक्षार्थीहरूका लागि विशेष केन्द्रको व्यवस्था गरिने हुँदा संक्रमित परीक्षार्थीले आफू संक्रमित भएको जानकारी कार्यालयको टेलिफोन नं. ०१-४७७१९८२ वा मोवाइल नं. ९८४९४०९४०९ वा ९८४३३७५२२३ मा सम्पर्क गरी अग्रिम जानकारी दिनु पर्नेछ।

(पुष्पराज खनाल)
शाखा अधिकृत

(लक्ष्मीप्रसाद पराजुली)
शाखा अधिकृत

(चन्द्रकान्त निरौला)
उपसचिव